**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs Date:30.10.2025**

---

***सरदार वल्लभभाई पटेलको 150 औं जन्मजयन्तीको अवसरमा भोलि एकता मार्च पदयात्रा***

राष्ट्रव्यापी अभियानको एक भागको रूपमा, जिल्ला स्तरीय पजयात्रा, Sardar@150 Unity March भोलि बिहान 6 बजे रिज पार्क बाट पाल्जोर स्टेडियमसम्म भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालयले My Bharat, NSS, NCC र SYA, सिक्किम सरकार मार्फत संयुक्त रूपमा आयोजना गर्ने कार्यक्रम छ। यसको उद्देश्य भारतका युवाहरूमा सरकार पटेलको आदर्श अपनाउन र विकसित तथा आत्मनिर्भर भारततर्फ काम गर्न प्रोत्साहित गर्न एकता, देशभक्ति र नागरिक जिम्मेवारीको भावना जगाउनु हो। ऐतिहासिक एकता पदयात्रामा NSS, NCC,युवा, विद्यार्थी, जनप्रतिनिधि, युवा आइकन खेलाड़ी र सरकारी अधिकारीहरू सहित लगभग 500 सहभागीहरू भाग लिने अपेक्षा गरिएको छ।

---

***च्याखुङमा एलडी काजी गोल्डकपको 18 औं संस्करण शुरू***

एलडी काजी गोल्डकप फुटबल टुर्नामेन्टको 18 औं संस्करण आज च्याखुङमा सुरू भएको छ। टुर्नामेन्टको उद्घाटन मुख्यमन्त्रीकी धर्मपत्नी श्रीमती शारदा तामाङले गरिन्। यस वर्षको प्रतोयोगितामा सिक्किमभित्र तथा बाहिरका 16 टिम सहभागी छन्। खेलहरू ए र बी दुई समूहमा सञ्चालन हुनेछन्। यस बहुप्रतीक्षित टुर्नामेन्टको समापन 8 नोभेम्बरको दिन हुनेछ भने विजेता दललाई 10 लाख र उपविजेता दललाई 5 लाख रूपियाँ पुरस्कारको रूपमा प्रदान गरिने भएको छ। समापन दिवसको कार्यक्रममा मुख्यमन्त्री प्रेम सिंह तामाङ प्रमुख अतिथिको रूपमा उपस्थित रहने बताइएकोछ।

---

***जिल्लास्तरीय विद्यालय खेलकुद 2025 नाम्चीमा सुरू***

16 वर्ष मुनिका केटा र केटी वर्गका लागि जिल्लास्तरीय विद्यालय खेलकुद 2025 आज नाम्चीको भाइचुङ स्टेडियममा सुरू भयो। यो कार्यक्रम खेलकुद तथा युवा मामिला विभाग, नाम्चीद्वारा आयोजना गरिएको हो। जिल्लास्तरीय प्रतियोगिताका लागि सहभागीहरू ब्लकस्तरीय विद्यालय खेलहरूबाट छनोट गरिएको थिए र यस चरणका विजेताहरू गान्तोकमा आयोजना हुने राज्यस्तपीय विद्यालय खेलकुदमा प्रतिस्पर्धा गर्न योग्य हुनेछन्। दुई दिने कार्यक्रममा एथलेटिक्स, धनुर्विद्या, बास्केटबल, कबड्डी, टेबल टेनिस, तेक्वान्दो र खो-खो लगायत धेर□ खेलकुद विषयहरू समावेश छन्। यसले जिल्लाभरका युवा खेलाडीहरूलाई आफ्नो खेलकुद प्रतिभा प्रदर्शन गर्न प्लेटफर्म प्रदान गर्ने लक्ष्य राखेको छ। यो कार्यक्रम नाम्चीका उपनिर्देशक श्री बसन्त प्रधानको पर्यवेक्षणमा आयोजना भइरेको छ र भोलि समापन हुनेछ।

---

***राष्ट्रिय विज्ञान सेमिनारमा सिक्किमको प्रतिनिधित्व गर्न प्रतिक्षा पौड्याल बेङगलुरू पुगिन***

सदाम स्कूलकी छात्रा प्रतिक्षा पौड्याल आज आयोजित राष्ट्रिय विज्ञान सेमिनार 2025 मा सिक्किमको प्रतिनिधित्व गर्न आफ्ना अभिभावक र शिक्षकसहित बेङगलुरूको विश्वेश्वरय्□औद्योगिक तथा प्राविधिक संग्रहालय पुगेकी छिन्

। सरकारी वरिष्ठ माध्यमिक विद्यालय, सदामकी कक्षा 10 की छात्रा, प्रतिक्षाले जिल्ला र राज्यस्तरीय दुव प्रतियोगिता जितेर यो अवसर प्राप्त गरिन् । यस वर्षको चुनौतीहरू विषयवस्तु आधारित छ, जसले उद्यीमान क्वान्टम युगको सम्भावना र चुनौतीहरूलाई प्रकाश पार्छ ।

---

***तातोपानी ताक्लाक फाटकदेखि- मियोङ हुँदै रिन्चेन्पोङ जोड़िने नयाँ पुलको उद्घाटन***

गेजिङ- बर्मेक निर्वाचन क्षेत्र अन्तर्गत 32- बर्फोकचान्दबोङ ग्राम पञ्चायत एकाइको तातोपानी ताक्लाक वाँडमा मुख्यमन्त्री प्रेमसिंह तामाङको निर्देशन अनुसार जनताको सुविधा र आवश्यकतालाई प्राथमिकता दिँद तातोपानी ताक्लाकदेखि मियोङ हुँद रिन्चेन्पोङ तर्फ जोड़ने नयाँ पुल निर्माण गरिएको थियो । गोजिङ- बर्मेक समष्टिका विधायक लोकनाथ शर्माको बाहुलिवाट आज उक्त पुलको औपचारिक उद्घाटन गरि स्थानीय नागरिकलाई हस्तान्तरण गरेकोछ ।

---